नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
आयोजना अनुगमन, सुविधा सिफारिस तथा
(विद्युत प्रणाली व्यवस्थापन महाशाखा)

फोन नं.: ४५३४१११९, ४५११५३७, ४५११९५०१, ४५३९३६२
फ्याकसः ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्याः- २०७७/०७८
चलनी नं.:- ३१४४

मितिः २०७८/०३/१४

**विषयः- रोयल्टी तथा सो सम्बन्धी कागजात उपलब्ध गराईदिने बारे ।**

**श्री जलविद्युत आयोजना प्रवर्धकज्यूहरु,**

प्रस्तुत विषयमा विद्युत ऐन २०४९ दफा ११ को उपदफा १ र २ मा भएको व्यवस्था बमोजिम विद्युत आयोजनाहरुले जडित क्षमता र ऊर्जा वापतको रोयल्टी नेपाल सरकारलाई तोकिएको समय भित्र बुझाउनु पर्ने व्यवस्था छ ।

जस अनुसार आयोजनाको जडित क्षमता बापतको रोयल्टी, विद्युत ऐन २०४९ लागू हुनु पूर्व व्यापारिक उत्पादन भएका जलविद्युत केन्द्रको हकमा प्रत्येक आर्थिक वर्षको भाद्र १ गते र अन्य आयोजनाको हकमा व्यापारिक उत्पादन शुरु गरेको मितिले १५ दिनभित्र दाखिला गर्ने र त्यस पछिको प्रत्येक वर्षको सोही मितिमा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ ।

त्यसै गरी ऊर्जा वापतको रोयल्टी वर्षको ३ पटक प्रत्येक ४।४ महिनामा आषाढ, श्रावण, भाद्र र असोज महिनाको कार्तिक १५ गते भित्र, कार्तिक, मंसीर पौष र माघ महिनाको फाल्गुण १५ गते भित्र र फाल्गुण, चैत्र, बैशाख र जेष्ठ महिनाको आषाढ १५ गते भित्र दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ ।

तसर्थ चालु आ. व. ०७७।०७८ को रोयल्टी फरफारक गरेको नदेखिएकोले अविलम्व रोयल्टी format मा विवरण भरि तपशिलका कागजात संलग्न गरी Compiled Document यस विभागको आयोजना अनुगमन, सुविधा सिफारिस तथा विद्युत प्रणाली व्यवस्थापन महाशाखामा सम्पर्क गरि पेश गर्नुहुन साथै यस आ.व. सम्मको रोयल्टी रकम समेत दाखिला गरी सो को सक्कल भौचर पेश गर्नहुन निर्देशानुसार जानकारी गराइन्छ ।

**तपशिलः**

१. २०७७ आषाढ महिना देखि २०७८ जेष्ठ महिना सम्मको प्रत्येक महिनाको NEA लाई पठाएको Invoice र Meter Reading Form को प्रमाणित प्रतिलिपिहरु ।
२. २०७७ आषाढ महिना देखि २०७८ जेष्ठ महिना सम्मको प्रत्येक महिनाको NEA बाट प्राप्त गरको भुक्तानी(Memo) को प्रमाणित प्रतिलिपिहरु ।
३. यस अवधिमा विद्युत विकास विभागमा दाखिला गरेको रोयल्टी रकमको चेक/राष्ट्रिय वाणिज्य बैंक भौचरको सक्कल प्रतिलिपिहरु ।
४. त्यस कम्पनीले रोयल्टी दाखिला गर्ने गरेको संलग्न रोयल्टी format मा प्रत्येक महिनाको रोयल्टीको हिसावको विवरण Hard and Soft Copies ।

(अरुण कुमार झा)
उप-महानिर्देशक